# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको

## नवौं वार्षिक साधारण सभाको निर्णयहरु

**सभाको वैधानिकता**

यो सभा कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८२ साल फागुन १५ गते बसेको बैठकले तोकेबमोजिम मिति २०८२ साल चैत्र १३ गतेको लागि बोलाइएको हो । सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) अनुसार र संस्थाको नियमावलीको नियम १८ (३) बमोजिम नवौं वार्षिक साधारण सभाको सूचना पठाइएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा संस्थाको नियमावलीको नियम २३ अनुसार गणपूरक संख्या पुगेकाले सभा बैधानिक भएको कुरा कम्पनी सचिवले सभामा जानकारी दिनुभयो र सभाको सभापतित्व ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री शिल्पा प्रधानाङ्गज्यूलाई अनुरोध गर्नुभयो ।

**सभाको मिति, समय र स्थान :**

मिति : २०८२ साल चैत्र १३ गते शुक्रबार ।
समय : बिहानको ११ :३० बजे
स्थान : होटल डेब्रेक, पोखरा - ३१ बेगनास कास्की ।

**सभाको सूचना प्रकाशन**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार संस्थाको नवौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरुको विवरण खुलाएर शेयरधनीहरुलाई उहाँहरुको व्यक्तिगत ठेगानामा यथासमयमा पठाएको साथै सोही व्यहोराको सूचना मिति २०८२ साल फागुन १८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक तथा मिति २०८२ फागुन २६ गतेको समाधान राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित गरिएको थियो ।

**साधारण सभाको विषयसूची :**

क **सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. २०८२ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०८१/२०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/२०८३ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तिन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख** **विशेष प्रस्तावहरु**

१. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरू गाभ्ने/गाभिने तथा प्राप्त गर्ने प्रयोजनका लागि उपयुक्त संस्थाहरू पहिचान गर्ने, समभ्रुदारीपत्रमा हस्ताक्षर गर्ने, नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने, सम्पत्ति तथा दायित्वहरूको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने, र सम्बन्धित कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव ।

**ग** **विविध**

**उपस्थिति :**

**सञ्चालकहरुको उपस्थिति :**

श्री शिल्पा प्रधानाङ्ग अध्यक्ष (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.)
श्री निरजा शर्मा सापकोटा सञ्चालक (प्रतिनिधी – संस्थापक शेयरधनी)

श्री भुपेन्द्र प्रसाद जोन्छे सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी)
श्री तुलसा खरेल सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी)

**पदाधिकारीहरुको उपस्थिति :**

श्री विष्णु प्रसाद ढकाल प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**गणपूरक संख्या :**

संस्थापक शेयरधनीको संख्या : २१
सर्वसाधारण शेयरधनीको संख्या : २८४५३

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधिद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| **शेयरधनीको संख्या** | २८,४७४ | ८ | ९ | १७ | ०.०५९ |
| **शेयर संख्या** | १५,१५,५४५ | ४४६६१० | ३९५३६१ | ८४२८७८ | ५५.६१ |

## राष्ट्रिय गान

गणपुरक संख्या पुगेको र सभा बैधानिक रहेकाले कम्पनी सचिवको अनुरोधमा सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

## सभाको अध्यक्षता, पानसमा दीप प्रज्ज्वलन तथा सभा सञ्चालन

कम्पनी ऐन २०६३ को दफा ७४ बमोजिम अध्यक्ष श्री शिल्पा प्रधानाङ्ग ज्यूले सभाको सभापतित्व ग्रहण तथा अन्य संचालक, पदाधिकारी, प्रतिनिधि एवं शेयरधनी महानुभावहरु समेतले आसन ग्रहण पश्चात संस्थाको विधिवत नवौं_वार्षिक साधारण सभा अध्यक्षज्यूले पानसमा बत्ति बालेर उद्घाटन गर्नु हुदै सभा शुरु भएको घोषणा गर्नु भयो । अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले साधारण सभाको काम कारबाहि अगाडी बढाउनु भयो ।

## सभा सञ्चालन र प्रतिवेदन प्रस्तुति

सञ्चालक समितिका अध्यक्ष तथा नवौं वार्षिक साधारण सभाका सभापति श्री शिल्पा प्रधानाङ्गज्यूले वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो र उक्त प्रतिवेदन माथि छलफल गर्न तथा सुझाव दिन अनुरोध गर्नुभयो ।

## सभामा बोल्ने वक्ताहरु

सभामा अधिकांश शेयरधनीहरुले संस्थाको जोखीम न्यूनिकरण, कर्जा असुली, व्यवसाय तथा आय वृद्धि तथा गुणस्तरमा ध्यान दिनु पर्ने लगायतका राय सुझावहरु व्यक्त गर्नुभयो ।

## तत्पश्चात सभाले तल उल्लेख गरे बमोजिमका निर्णयहरु गर्‍यो ।

**सभाको निर्णय :**

**क सामान्य प्रस्तावहरु उपरको निर्णय**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आर्थिक बर्ष २०८१/२०८२ को बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. २०८२ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०८१/२०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्न सभा समक्ष प्रस्ताव पेश हुँदा सर्वसम्मतिले पारित गरियो ।

३. लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/२०८३ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक P.Y.C & Associates, Chartered Accountants काठमाडौंलाई बार्षिक मु.अ.क. बाहेक ३,००,०००।- पारिश्रमीक तथा प्रति ब्यक्ति दैनिक भ्रमण भत्ता ३,५००।- र बास्तविक यातायात खर्च उपलब्ध गराउने गरी नियुक्त गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. यस वित्तीय संस्थाको संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी सञ्चालक निर्वाचन गर्न निर्वाचन अधिकृत नियुक्त गरिएकोमा निर्वाचन अधिकृतले ३ जना सञ्चालकहरुको मात्र मनोनयन दर्ता परेको हुँदा उक्त ३ (तीन) जना सञ्चालकहरू निर्विरोध रूपमा निर्वाचित हुनुभएको व्यहोरा सभा समक्ष जानकारी दिनुभयो । निर्वाचित सञ्चालकहरु श्रीमती शिल्पा प्रधानाङ्गज्यू, श्रीमती निरजा शर्मा सापकोटाज्यू र श्री शिवराज भण्डारीज्यू लाई यस वित्तीय संस्थाको सञ्चालकमा आगामी चार वर्षको लागी नियुक्त गर्न गर्नु भएको प्रस्ताव बमोजिम उल्लेखित तिन जना सञ्चालकहरुलाई नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

यसैगरी, यस वित्तीय संस्थामा रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा सञ्चालक समितिको मिति २०८२ साल कार्तिक १४ गते बसेको १३४औं बैठकले ललितपुर जिल्ला ललितपुर महानगरपालिका-३, पुल्चोक निवासी श्री किरण विष्टज्यूलाई आगामी ४ (चार) वर्षको लागि मनोनयन गरेकोमा सो मनोनयनलाई पनि सर्वसम्मतिले समर्थन गरियो ।

## ख विशेष प्रस्तावहरु उपरको निर्णय

१. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरू गाभ्ने/गाभिने तथा प्राप्त गर्ने प्रयोजनका लागि उपयुक्त संस्थाहरू पहिचान गर्ने, समभ्रुदारीपत्रमा हस्ताक्षर गर्ने, नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने, सम्पत्ति तथा दायित्वहरूको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने, र सम्बन्धित कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश भएको हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

## ग विविध

१. विविध प्रस्ताव अन्तर्गत यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागी संचालक समितिको अध्यक्ष, एक संचालक तथा कम्पनी सचिवको हस्ताक्षर हुने निर्णय गरियो ।

## धन्यवाद/सभा विसर्जन

सभाको सभापतित्व गर्नुभएका सञ्चालक समितिका अध्यक्ष श्री शिल्पा प्रधानाङ्गज्यूबाट यस नवौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आ-आफ्नो भूमिका कुशलता पूर्वक निर्वाह गरी सभालाई सफल बनाउन सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिंदै सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| शिल्पा प्रधानाङ्ग | शिवराज भण्डारी | विष्णु प्रसाद ढकाल |
| (अध्यक्ष) | (संचालक) | (कम्पनी सचिव) |